# जीवन एक युद्ध

सूरज चापागाई
काङ्लातोम्बी, मणिपुर
9612992283

हो यो युद्ध हो
याहँ काटिन्छ या...
बलि होईन्छ।
कहिले मानवको विजय
कहिले हुन्छ दानवको।
यस भुमी...
एउटा युद्धभुमी नै हो।
यहा हरेक छण युद्ध **हुन्छ।**
मातृ यो...
पवित्र छ म भन्न सक्दिन।
दिनै खुनले पोतिरहन्छ।
हो थियो.........
तर आज रहेन ।
यहा त प्रति दिन
धर्मको युद्ध हुदछ।
संकार, प्रमपराको
युद्ध चलिरहेछ।
हो यो युद्ध हो...
यहा समय संग लड्नु पर्दछ।
गरिबी यंग भिड्नु पर्दछ।
यहा.........
हामीले उस्लाई मार्नु पर्छ
नत्र हामीलाई उस्ले मार्ने छ ।
यो कुनै माहाभारत या......
बिश्व युद्ध होईन।
यो त सुरु देखि...
अन्त सम्मको युद्ध हो।
रणमा उत्रिसके पछि...
बिजय हुन कस्ले चाहन्न र ?
त्यसैले.........
हामीले सक्दो अस्त्र बोक्नु पर्छ ।
हो यो युद्ध हो .........
यहा भाइ भाईको युद्ध हुन्छ ।
जीवनको भिडमा......
पल पल यहा चेप्टिनु पर्छ।
युग अनुसार.........
पाईला चाल्नु पर्दछ।
लडाएर मार्नु पर्छ
पाखुराले नसके अस्त्रले......

छम छम छिनाई दिनु प्रदछ।
हो यो युद्धनै हो......
हामी सर्व रणमा
उत्रिसकेका छौ।
यहा हरेक पाईला पाईला मा
सैयौ रुप धारी......
दानव झम्टिनछन।
तर डराउनु हुन्न हामी .........
उसैलाई तर्साउनु पर्छ।
कहिले नउठ्ने गरी...
घाटी छिनाईदिनु पर्छ।
जीवन एक युद्ध......
बाचीन्जेल यहाँ लड्नु पर्छ।
मानव बनि यहाँ
दानवको संहार गर्नु पर्छ।।।।